बैठक नं.१८

आज मिति २०८२/०९/०९ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगरसभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभाका सदस्यहरुको उपस्थितिमा नगरसभाको १८ औं अधिवेशनको पहिलो बैठक बसियो ।

समय: दिनको २:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

उपस्थिति:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | बिष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पद्मराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | वसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | प्रेमशिला धोवी | सदस्य | |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | आईप्रसाद राई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | |
| ३८ | रतिमाला वि.क. | सदस्य | |
| ३९ | अमृत खड्का | सदस्य | |
| ४० | हरिनारायण मिश्र | सदस्य | |
| ४१ | पुनम थापा | सदस्य | |
| ४२ | गोमा नेपाली | सदस्य | |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | |
| ४६ | विन्दु वि.क. | सदस्य | |
| ४७ | अनिल गहतराज | सदस्य | |
| ४८ | श्याम बहादुर थापा | सदस्य | |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | |
| ५० | तारा गहतराज | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२ | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | |
| ५४ | सन्दिप खनाल | सदस्य | |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | नल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सनीसरा सार्की | सदस्य | |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायाँ देवी दर्नाल | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झबिन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | |
| ९० | रेखा वि.क. | सदस्य | |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क. | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

मिति :- २०८२/०९/०९ गते बुधबार ।
समय :- दिनको २:०० बजे ।
स्थान :- बुटवल उपमहानगरपालिका सभाहल ।

नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरू बैठक व्यवस्थापनका लागि सचिवालयतर्फ खटिनु भएका कर्मचारी एवं पत्रकार मित्रहरू ।

अब म बुटवल उपमहानगरपालिकाको नगरसभाको १८ औं अधिवेशनको प्रथम बैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

अब म ज्ञात अज्ञात शहिदहरूप्रति सम्मान प्रकट गर्नका लागि आ-आफ्नो आसनबाट उठी एक मिनेट मौन धारण गर्नका लागि अनुरोध गर्दछु ।

सभाका उपाध्यक्षज्यू एवं सदस्यज्यूहरु,

आज हामी १८ औं अधिवेशनको प्रारम्भमा छौं ।आज सम्म हामीले धेरै समस्याहरु भोग्दै आएका छौं । २०८२ भाद्र २३ र २४ गतेको घटनाले हामी अत्यन्त मर्माहित भएका छौं । जनताको सेवा प्रवाह गर्ने कार्यकक्षहरु खरानी भएका छन । वडा कार्यालयहरु पनि व्यवस्थित हुन सकेका छैनन् । हामीले पनि चाहेको सुशासन र पारदर्शिता नै हो । हामीले पनि सेवा प्रवाह र कार्यसम्पादन गर्दा समस्या समाधानको उपाय खोज्नु पर्छ । सेवाग्राहीहरु पटक/पटक आउनु पर्ने अवस्थाको अन्त्य गर्नुपर्छ । महाशाखाहरु, शाखाहरु र वडा कार्यालयहरुबाट स्वतस्फूर्त सेवा प्रवाह हुने वातावरणको सृजना गर्नुपर्छ । जुन महाशाखा, शाखा र वडा कार्यालय जिम्मेवार हो । त्यहीँबाट नै कार्य सम्पादनको सम्बन्धमा उत्तर दिने परिपाटी बसाल्नु पर्छ । यस्तो परम्पराको शुरुवात भएन भने सेवाग्राहीहरुमा राम्रो सन्देश जाँदैन । सबै महाशाखा, शाखा र वडा कार्यालयहरुबाट सम्पादन एवं प्रवाह हुने सेवालाई व्यवस्थित गर्नका लागि संगठनको सर्वेक्षण (O&M) गरी सोही आधारमा चुस्त प्रशासनका लागि जनशक्तिको व्यवस्थापन गर्नु पर्ने भएको छ । सोका लागि (O&M) को कार्य तत्काल अगाडी बढाउनु पर्ने भएको छ । सबै तहका सरकारबाट हुने विकास निर्माणका कार्यहरुको जवाफ स्थानीय सरकारले दिनुपर्ने र आक्रोश समेत खेप्नु पर्ने अवस्था आएको छ । कुन सरकारले कुन काम गर्ने हो? भन्ने कुरा जनतालाई बताउनु पर्ने भएको छ । हामीहरुले राम्रा कामहरु गरेका छौं । तर सो मुताविक प्रचार प्रसार हुन सकिरहेको छैन । शिक्षा र स्वास्थ्यका सम्बन्धमा हामीले अत्यन्त सराहनीय काम गरेका छौं । तर समस्याको रुपमा केहि काम खास गरी १४-१९ वडाहरुमा निलगाई, १ र २ वडामा बाँदरको समस्या छ । समग्र बुटवल शहर छाडाचौपायाको समस्यामा छ । सो को नियन्त्रणका लागि हामीलाई

अभियान्ता र विज्ञ सेवाको आवश्यकता भएको छ । पूर्वाधार र उज्यालो शहर तर्फ हामीले प्रर्याप्त काम गरिसकेका छौं । नगर भित्रका व्यावसायिक संघसंस्थाहरुसंग सहकार्य आवश्यक भएको छ । नगर भित्रका संघसंस्थाहरुलाई हांम्रो संरक्षणका लागि स्थानीय सरकार तयार छ भन्ने कुराको अनुभूती दिलाउनु पर्ने भएको छ । अत्यन्त ठुलो मिहेनतका साथ तयार गरेको अव्यवस्थित बसोबासीहरुको अभिलेख नष्ट भएको छ । जसले गर्दा हामीहरुलाई अत्यन्त असजिलो र कार्यसम्पादनमा कठिनाई भएको छ । भूमि सम्बन्धी विषयका सम्बन्धमा सबैले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग गर्नु हुन अनुरोध छ । ज्योतिनगर पहिरो नियन्त्रणको बारेमा हामी चिन्तित छौं । हामी सबै जनताका सेवक हौं भन्ने मान्यताले शिष्ट र सभ्य शैलीमा कार्य सम्पादन गर्ने र व्यवहार देखाउने गरौं । अहिले तडक भडक कसैले मन पराउँदैन । हामी शासक होइन सेवक हौं भन्ने मान्यताका साथ कार्य सम्पादन गर्ने गरौं । बजेट कटौती भएको हुँदा हाम्रो जे जति क्षमता छ । त्यसै अनुरुप बजेट कार्यक्रम बनाउनु पर्ने भएको हुँदा सो का लागि सबैबाट आवश्यक सहयोगको अपेक्षाका साथ अनुरोध गर्दछु ।

**प्रस्ताव नं. १८.१.१**

स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२ (प्रथम संशोधन २०८२) माथि संशोधनका लागि संशोधन प्रस्ताव टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं.१८.१.१**

पूर्व निर्धारित कार्यक्रम अनुसार कार्यसूची नं. १ मा रहेको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२ (प्रथम संशोधनका २०८२) माथिको संशोधन प्रस्ताव सभासमक्ष प्रस्तुत गर्न विधयेक समितिका संयोजक एवं सभाका सदस्य श्री नरेन्द्र बस्नेतलाई सभाध्यक्षज्यूबाट समय प्रदान गर्नु भयो । विधेयक समितिका संयोजकले उल्लेखित ऐन टेबुल गर्नू भयो ।

अब म भर्खर सभासमक्ष टेबुल भएको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२ (प्रथम संशोधन २०८२) माथिको संशोधन प्रस्ताव माथि छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

**प्रस्ताव नं. १८.१.२**

प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ माथि (दोस्रो संशोधन २०८२) संशोधनका लागि संशोधन प्रस्ताव टेवुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. १८.१.२**

पूर्व निर्धारित कार्यक्रम अनुसार कार्यसूची नं. २ मा रहेको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ माथि (दोस्रो संशोधन २०८२) माथिको संशोधन प्रस्ताव सभासमक्ष

प्रस्तुत गर्न विधेयक समितिका संयोजक एवं सभाका सदस्य श्री नरेन्द्र बस्नेतलाई सभाध्यक्षज्यूबाट समय प्रदान गर्नु भयो । विधयेक समितिका संयोजकले उल्लेखित ऐन टेबुल गर्नु भयो ।

अब म भर्खर सभासमक्ष टेबुल भएको स्थानीय प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१ माथि (दोस्रो संशोधन २०८२) माथिको संशोधन प्रस्ताव माथि छलफलमा भाग लिन चाहनुहुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

**प्रस्ताव नं. १८.१.३**

जलस्रोत (उपयोग) ऐन, २०८० माथि (दोस्रो संशोधन २०८२) संशोधनका लागि संशोधन प्रस्ताव टेवुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. १८.१.३**

पूर्व निर्धारित कार्यक्रम अनुसार कार्यसूची नं. ३ मा रहेको जलस्रोत (उपयोग) ऐन, २०८० माथि (दोस्रो संशोधन २०८२) माथिको संशोधन प्रस्ताव सभासमक्ष प्रस्तुत गर्न विधेयक समितिका संयोजक एवं सभाका सदस्य श्री नरेन्द्र बस्नेतलाई सभाध्यक्ष ज्यूबाट समय प्रदान गर्नु भयो । विधेयक समितिका संयोजकले उल्लेखित ऐन टेबुल गर्नु भयो ।

अब म भर्खर सभासमक्ष टेबुल भएको जलस्रोत (उपयोग) ऐन, २०८० (दोस्रो संशोधन २०८२) माथिको संशोधन प्रस्ताव माथि छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

**प्रस्ताव नं. १८.१.४**

भाषा, संस्कृति र ललितकला सम्बन्धी ऐन, २०८२ (पहिलो संशोधन २०८२) माथि संशोधनका लागि संशोधन प्रस्ताव टेवुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. १८.१.४**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं. ४ मा रहेको भाषा, संस्कृति र ललितकला सम्बन्धी ऐन, २०८२ (पहिलो संशोधन २०८२) माथिको संशोधन प्रस्ताव सभासमक्ष प्रस्तुत गर्न विधेयक समितिका संयोजक एवं सभाका सदस्य श्री नरेन्द्र बस्नेतलाई सभाध्यक्षज्यूबाट समय प्रदान गर्नु भयो । विधेयक समितिका संयोजकले उल्लेखित ऐन टेबुल गर्नु भयो ।

अब म भर्खरै सभासमक्ष टेबुल भएको भाषा संस्कृति र ललितकला सम्बन्धी ऐन, २०८२ ( पहिलो संशोधन २०८२) माथिको संशोधन प्रस्ताव माथि छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

**प्रस्ताव नं. १८.१.५**

चालु आ.ब. २०८२।०८३ को विनियोजन ऐन, २०८२ बाट स्वीकृत बजेट तथा कार्यक्रमको समीक्षा, शीर्षकान्तर एवं रकमान्तर र बजेट संशोधनका लागि संशोधन प्रस्ताव टेबुल गर्ने सम्बन्धमा ।

**निर्णय नं. १८.१.५**

पूर्व निर्धारित कार्यक्रम अनुसार कार्यसूची नं. ५ मा रहेको चालु आ.व. २०८२।०८३ को विनियोजन ऐन, २०८२ बाट स्वीकृत बजेट तथा कार्यक्रमको समीक्षा, शीर्षकान्तर एवं रकमान्तर र बजेट संशोधनका लागि संशोधन, सम्बन्धी प्रस्ताव सभा समक्ष प्रस्तुत गरी टेबुल गर्न उपप्रमुख श्री सावित्रा देवी अर्याललाई सभाध्यक्षज्यूबाट समय प्रदान गर्नु भयो । उपप्रमुख श्री सावित्रा देवी अर्यालले चालु आ.व. २०८२।०८३ को विनियोजन ऐन, २०८२ बाट स्वीकृत बजेट तथा कार्यक्रमको समीक्षा, शीर्षकान्तर एवं रकमान्तर र बजेट संशोधनका संशोधन सम्बन्धी प्रस्ताव सभा समक्ष वाचन गरी टेबुल गर्नु भयो ।

अब म भर्खर सभासमक्ष प्रस्तुत भएको चालु आ.व. २०८२।०८३ को विनियोजन ऐन, २०८२ बाट स्वीकृत बजेट तथा कार्यक्रमको समीक्षा, शीर्षकान्तर एवं रकमान्तर र बजेट संशोधन सम्बन्धी संशोधन प्रस्ताव माथि नगरसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा छलफल गर्ने कार्यक्रम रहेको हुँदा प्रस्तुत बजेट माथिको संशोधन प्रस्ताव माथिको छलफलमा भाग लिन चाहनु हुने सदस्यहरुलाई सचिवालयमा नाम टिपोट गराउन अनुरोध गर्दछु ।

अब म पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची बमोजिमका विषयहरु सभासमक्ष प्रस्तुत गरी टेबुल गर्ने कार्यक्रम समाप्त भएको हुँदा नगरसभाको १८ औं अधिवेशनको दोस्रो बैठक आजै मिति २०८२।०९।०९ गते दिनको ४:३० बजे पुनः बस्ने गरी सो समय सम्मका लागि यो प्रथम बैठक यहि स्थगित भएको घोषणा गर्दछु ।